म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५५ आइतबार २९ पुस २०८० ने. सं. ११४४ पोहेलाथ्व 14 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

रेफ्रि कोर्ष सञ्चालन गर्दै बागमती फुटवल संघ

हेटौंडा, २८ पुस/बागमती प्रदेश फुटबल संघले रेफ्रि कोर्ष सञ्चालन गर्ने भएको छ । संघले काभ्रेको धुलिखेलमा क्याटगोरी-४ को रेफ्रि कोर्ष प्रशिक्षण गर्न लागेको हो । बागमती प्रदेश खेलकुद परिषद्को विशेष सहयोग र अखिल नेपाल फुटबल संघ (एन्फा)को प्राविधिक सहयोगमा माघ २१ गतेदेखि २७ गतेसम्म रेफ्रि कोर्ष सञ्चालन गर्न लागेको अध्यक्ष निरोज श्रेष्ठले जानकारी दिए । उनका अनुसारप्रशिक्षणबाट दक्ष, शारीरिक एवम् मानसिकरुपमा तन्दुरुस्त जनशक्ति उत्पादन हुने अपेक्षा गरिएको छ । प्रशिक्षणमा संघसँग बागमती प्रदेशबाट विभिन्न जिल्लाका ४० जना सहभागी हुने आयोजकले जानकारी दिएको छ । १८ देखि ३५ वर्षसम्मका खेलाडी, पूर्वखेलाडी र फुटबल खेलसँग आवद्ध व्यक्ति प्रशिक्षणमा सहभागी हुन सक्नेछन् । रेफ्रिहरुलाई फुटबलसम्बन्धी आधारभूत सीप र प्रविधिको विकास गर्नुका साथै मैदानभित्र र बाहिर कसरी प्रस्तुत हुने भन्ने व्यावहारिक र सैद्धान्तिक ज्ञान दिइनेछ । सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा उत्तीर्ण सहभागी फुटबलका जिल्लास्तरीय विभिन्न प्रतियोगिता निर्णायक हुन सक्ने आयोजकले जनाएको छ ।

उद्योग संघ मकवानपुरमा शर्मा

मयुरधाप औद्योगिक क्षेत्र पीपीए मोडलमा निर्माण गर्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/उद्योग मन्त्री रमेश रिजालले मयुरधाप औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण गर्ने तयारी भइरहेको बताएका छन् । मन्त्री रिजालले निर्माणका क्रममा आइपरेको बाधा अड्चनलाई समाधान गर्नको लागि सरोकारवाला निकायसँग निरन्तर समन्वय भइरहेको बताएका हुन् ।

उद्योग संघ मकवानपुरको २२ औं वार्षिक साधारसभालाई शनिबार हेटौंडामा सम्बोधन गर्दै मन्त्री रिजालले हेटौंडाको प्रस्तावित मयुरधाप औद्योगिक क्षेत्र पीपीए मोडलमा निर्माण गर्ने गरी काम अगाडि बढाइएको जानकारी दिए । मन्त्री रिजालले सरकारको एक्लो प्रयासबाट मात्रै मुलुकमा आर्थिक समृद्धि संभव नभएको र यसका लागि सार्वजनिक निजी साझेदारी पीपीए मोडलमा काम गर्नुपर्ने बताए । निजीक्षेत्रसँगको समन्वय र सहकार्यले सरकारको काम गर्नुपर्ने आवश्यक रहेको मन्त्री रिजालको धारणा रहेको थियो ।

देशको समग्र सामाजिक र आर्थिक विकासमा निजीक्षेत्रले दिगो र फराकिलो आधार तयार गर्न सक्ने बताउँदै मन्त्री रिजालले भने,-'निजीक्षेत्र भनेको देशमा रोजगारी सृजनाका साथै औद्योगिक विकासको प्रमुख माध्यम हो निजीक्षेत्रको सक्रिय सहभागिता भएका मुलुकमा औद्योगिक विकासका साथै आर्थिक विकास पनि राम्रो भएको देखिन्छ । निजीक्षेत्रको अधिकतम क्रियाशीलताले मात्रै उदारवादी

अर्थतन्त्रको मर्मअनुरुप आर्थिक विकास सम्भव हुन्छ भन्नेमा वर्तमान सरकार विश्वास राख्दछ ।'

देशमा औद्योगिक विकासको लागि सरकार आफैंले उद्योग सञ्चालन गर्ने भन्दा पनि निजीक्षेत्रलाई उद्योग, कलकारखाना सञ्चालनको लागि अनुकूल वातावरण बनाइदिनुपर्छ भन्ने मन्त्री रिजालको धारणा थियो । यसका निम्ति वर्तमान सरकारले आवश्यक नीति, नियम तर्जुमा गर्ने, लगानीको वातावरण बनाउने, औद्योगिक सुरक्षाको प्रत्याभूति दिने, सरोकारवाला निकायबीच समन्व गर्ने गराउने, करमा सहूलियत दिने, नवप्रवर्तन र स्टार्टअपलाइ अवसर दिने जस्ता विषयमा ध्यान केन्द्रित गरी सोही अनुरुप काम गरिरहेको उनले बताए ।

औद्योगिक क्षेत्रको पूर्वाधारहरु निर्माण गर्न मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गरेको बताउँदै मन्त्री रिजालले क्रमशः पूर्वाधारको विकास र सुधार हुँदै जाने विश्वास व्यक्त गरे । औद्योगिक क्षेत्रको विद्युत क्षमता बढाउनको लागि विद्युत प्राधिकरणसँग क्षमता विस्तार गर्ने सन्दर्भमा पहल भइरहेको समेत उनले जानकारी दिए । लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगको पूर्वाधारलाई प्रयोग गरी नेपाली सेनाद्वारा कपडा उद्योग सञ्चालन गर्ने प्रस्ताव प्राप्त भएको मन्त्री रिजालले जानकारी दिए ।

मकवानपुर औद्योगिक क्षेत्रमा हाल प्रयोगविहीन रहेका संरचना तथा जमीनमा नयाँ उद्योग प्रवर्द्धन गर्नको लागि आवश्यक निर्देशन दिईसकेको बताउँदै मन्त्री रिजालले लामो समयदेखि औद्योगिक क्षेत्रको जमीन लिजमा लिने तर, उद्योग स्थापना नगर्ने, एउटा प्रयोजनको लागि जमीन लिने तर, अर्कै प्रयोजनमा प्रयोग गर्ने वा अर्को व्यक्तिलाई भाडामा दिने जस्ता प्रवृत्तिलाई अब पूर्णतः नियन्त्रण गरिने दाबी गरे ।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य तथा पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्र सञ्चालन नहुँदा समस्या सिर्जना भएको र यो औद्योगिक क्षेत्र संचालनमा आएको अवस्थामा प्रत्यक्ष वा अप्रत्यक्षगरी ३०/४० हजारले रोजगारी पाउने भन्दै सरकारको ध्यानाकर्षण गराए । सभापति सिंहले राजनीतिक दलमा आवद्ध भयो भन्दैमा हलीगोठाललाई पनि राजनीति नियुक्ति दिन नहुने बताए । हेटौंडा सिमेन्ट उद्योग बन्द हुने अवस्थामा पुरनुमा अक्षम राजनीतिक नियुक्ति भएको सभापति सिंहले बताए ।

प्रतिनिधिसभा सदस्य तथा नेकपा एमाले सचेतक महेशकुमार बर्तौलाले २०७२ सालमा प्रक्रया अगाडि बढाएको मयुरधाप औद्योगिक क्षेत्रलाई घोषणा गरेपनि वन मन्त्रालयले मध्यवर्ती क्षेत्र देखाएर रोकेको बताए । बर्तौलाले मयुरधाप औद्योगिक क्षेत्रमा मध्यवर्ती क्षेत्रले सिर्जना गरेको समस्या र वन मन्त्रालयको निकुञ्ज विभागको दादागिरिले पूर्वाधार निर्माण गर्न र प्रक्रया अगाडि बढाउन बाधक बनेको समस्यालाई खुलाउन उद्योग मन्त्री रिजाललाई आग्रह गरे ।

प्रदेश सांसद तथा नेपाली कांग्रेसका प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले उद्योगको क्षमता हेरेर सञ्चालन गर्नुपर्ने बताए । बानियाँले आर्थिकमन्दीका कारण उद्योगी मर्कामा परेको बताउँदै मजदुरलाई तलब खुवाउन पनि समस्या भएको र सरकारले उद्योगमैत्री नीति निर्माण गर्न आवश्यक रहेको दाबी गरे । सरकारले विकास खर्च गर्ने क्षमता बढाउन सके अर्थतन्त्र चलायमान बन्ने नेता बानियाँले दाबी गरे ।

८ वर्ष अघि घोषणा भएर तीनपटक शिलान्यास भइसकेको हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्र सञ्चालनमा आएको खण्डमा ६२ वटा उद्योग स्थापना हुने र कम्तिमा रु१.३ करोड प्रवेश शुल्कबापत सुरुमै आम्दानी हुने उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले जानकारी दिए । मयुरधाप औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगले चार हजार भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिने र १० प्रतिशत राजश्वमा योगदान हुने संघका अध्यक्ष प्याकुरेलले बताए ।

मयुरधाप औद्योगिक क्षेत्रमा १६६.०८ जग्गा सम्भौता भइसकेको र सम्झौता भएको ७/८ वर्ष बितिसक्दा पनि सञ्चालनमा नआएको उनले बताए । सरकारको नीतिगत निर्णयले गर्दा सञ्चालन आउन नसकेको बताउँदै अध्यक्ष प्याकुरेलले हेटौंडा कपडा उद्योग चल्ने नचल्ने भन्ने कुरा बर्चैदेखि सुनिरहेको भन्दै सरकारलाई सञ्चालन गर्न नसक्ने हो भने निर्णय गरेर अन्य उद्योगलाई दिन सुझाव दिए ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले सरकारले हरेक आर्थिक वर्षमा ल्याउने गरेको बजेट, नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन हुन नसकेको कारण पनि आर्थिक क्षेत्र चलायमान बन्न नसकेको बताउँदै सार्वजनिक खरिद ऐनलगायत बाधक ऐनहरु संशोधन गर्न ठिला गर्न नहुने धारणा राखे । कार्यक्रममा नेपाल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्त, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघका अध्यक्ष रामहीरा पाठकलगायतले सरकारले लागनीमैत्री वातावरण तयार गर्न नसकेको बताए ।

संघको अध्यक्षमा शर्मा निर्वाचित

उद्योग संघ मकवानपुर को २२ औं साधारणसभा तथा अधिबेशनले बद्रीनाथ शर्माको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

संघको बरिष्ठ उपाध्यक्षमा श्रीहरि मास्के, उपाध्यक्षमा किशोर अर्याल र बासु कार्की, सुदर्शनप्रसाद अधिकारी, महासचिवमा सुयशराज पराजुली, सचिवमा श्यामप्रसाद ढकाल र शिरोमणि प्याकुरेल, कोषाध्यक्ष बुद्धराज अर्याल, सहकोषाध्यक्ष दिवस चौलागाई चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा हरिहर अर्याल, लिलाचन्द्र तिमल्सिना, नवराज मिश्र, ज्ञानराज लामा, केदार अर्याल, समीक्षा दाहाल, सुकृतराज पराजुली, मनोज रावल चयन भएका छन् । दुईवर्षे कार्यकाल रहने समितिको १ जना सदस्य पछि मनोनित गरिने बताइएको छ ।

माघ १ गते थारु माघी महोत्सवको निम्तो

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ थारु कल्याणकारीसभा मकवानपुरको आयोजनामा छैठौं थारु माघी महोत्सव सोमबार हेटौंडामा हुने भएको छ । शनिबार पत्रकार सम्मेलन गर्दै छैठौं थारु माघी महोत्सव २०८० माघ १ गते हेटौंडा-४ स्थित भुटनदेवी माविको खुलाचौरमा हुने थारु कल्याणकारीसभाले जानकारी गराएको हो ।

महोत्सवको मुख्य उद्देश्य र थारु जातिको सांस्कृतिक, मौलिक कला, भाषा, दर्शन, साहित्य, रीतिरिवाज र थारु खानपिन परिकार लगायतका विषयमा जानकारी गराइने कल्याणकारीसभाका सहसचिव रामानन्द चौधरीले जानकारी दिएका छन् । हेटौंडामा २०७५ देखि माघी महोत्सव बिभिन्न कार्यक्रम सहित मनाउन थालिएको हो । महोत्सवका लागि हेटौंडा उपमहानगरपालिका, हेटौंडा सिमेन्ट उद्योग, बुद्ध ईन्जिनियरिङ वर्कसप, राधेराधे ईन्जिनियरिङ, मेरिना ड्राईक्लिनिङ, आकृति फार्मेसी, एस.डान्स कम्पनी, चौधरी मोटरसाइकल वर्क्सपलगायतले सहयोग गरेका छन् ।

थरुहट तराईका भूमिपुत्र थारुहरुको गौरवमय इतहास रहेको उल्लेख गर्दै बागमती प्रदेशको राजधानी हेटौंडामा बिगतदेखि मनाउँदै आइरहेको माघी पर्व यो वर्षपनि भब्य रुपमा मनाउने र नगर बासीलाई महोत्सवको निम्तो दिइएको छ । हेटौंडा नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गर्ने थारु माघी महोत्सवमा ५ हजार भन्दा बढी अवलोकनकर्ताको सहभागिता रहेको बताइएको छ । थारु कल्याणकारी सभाका सचिव चन्द्रकान्त चौधरीका अनुसार सोमबार बिहान १० बजे भुटनदेवी माविको चौरबाट थारु जातिको पहिचान झल्कने भेषभूषा, झाँकीसहितको ज्यालीले सीमाचोक, बुद्धचोक, कान्तिराजपथ हुँदै नगर परिक्रमा पनि गर्ने तयारी भएको छ ।

छैठौं माघी महोत्सव, २०८० भुटनदेवी माविको चौरमा माघ १ गते सोमवार सहभागी भई सहयोग गरिदिन थारु कल्याणकारी सभाका अध्यक्ष सचिनान्द चौधरीले आग्रह गरेका छन् । नेपालको तराई र भित्री मधेशका २३ जिल्लामा बसोबास गर्ने आदिबासी थारुजातिको महत्वपूर्ण पर्वको रुपमा माघीलाई लिइन्छ ।

माघी महोत्सवमा थारु जातिले खाने तेलपौर रोटी, बगिया/ढिकरी, तिल, भुजाको लड्डु, बरी, अदौरी, अमादीके चटनी, घुङ्गी, गँगटो, माछा, हाँस, कुखुरा, परेवाको मासु आदि परिकार सशुल्क उपलब्ध गराउने स्टलको व्यवस्था गरिएको अध्यक्ष चौधरीले जानकारी दिएका छन् ।

नमूना बहुउद्देश्यीय सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा उपमहानगरपालिका-१०, स्थित नमूना बहुउद्देश्यीय सहकारी संस्थाको शनिबार २१ औं वार्षिक साधारण सभा भएको छ ।

सहकारीका अध्यक्ष केदारप्रसाद न्यौपानेको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो । न्यौपानेले बहुउद्देश्यीय सहकारीको महत्व धेरै रहेको बताए । उनले सहकारीहरुमा पछिल्लो समय देखिएको समस्याको समाधान गरेर जानुपर्नेमा जोड दिए । उनले बिना धितोको ऋण असुलीमा सहकारीहरु समस्यामा परेको भन्दै ऋण प्रवाहमा सहकारीले ध्यान दिनुपर्ने बताए ।

वडाध्यक्ष न्यौपानेले सर्वसाधारणहरु श्रम गर्नबाट टाढाटाढा हुँदै गएको बताउँदै श्रम गर्न छोडेर नहुने बताए ।

साधारणसभामा मकवानपुर चेम्बर अफ कमर्सका अध्यक्ष माधव न्यौपाने, संस्थाका पूर्वअध्यक्ष महेन्द्रनाथ शर्मालगायतको आतिथ्यता रहेको थियो ।

संस्थाका अध्यक्ष न्यौपानेले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । एक हजार ३ सय १४ जना शेयर सदस्य रहेको सहकारीमा ५५ लाख ६९ हजार ६ सय ६० रुपैयाँ शेयर पुंजी छ । संस्थाको जगेडा कोषमा ५ लाख ४७ हजार १ सय ५ रुपैयाँ छ । बचत निक्षेप १ करोड ८७ लाख ७० हजार ६ सय ४७ रहेको संस्थाले एक करोड ५८ लाख २६ हजार ४ सय ३४ कर्जा लगानी गरेको छ ।

सितु साकोसको १३ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा उपमहानगरपालिका-१, स्थित सितु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिवार १३ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष गणेशकुमार श्रेष्ठको सभाध्यक्षतामा साधारणसभा भएको हो । प्रमुख अतिथि वडाध्यक्ष न्यौपानेले सहकारीलाई प्रभावकारी ढंगले अगाडि बढाउनुपर्नेमा जोड दिए । १ नम्बर वडामा रहेर उत्कृष्ट सेवा दिइरहेको भन्दै सहकारीले पुन:जागृत भएर अगाडि बढ्नुपर्ने न्यौपानेले बताए । ऋण लगानी र ऋण असुलीमा सहकारीहरु चनाखो भएर अगाडि बढ्नुपर्ने वडाध्यक्ष न्यौपानेले बताएका छन् ।

साधारणसभामा हेटौंडा उपमहानगरको सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका विजय बस्नेत लगायतको आतिथ्यता रहेको थियो । साधारणसभामा सहकारी अध्यक्ष श्रेष्ठले अध्यक्षको प्रतिवेदन, सहकारीकी कोषाध्यक्ष शोभा श्रेष्ठले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक धिरेन्द्र शाक्यले लेखा सुपरीवेक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सहकारीले गत आर्थिक वर्ष २०७९/८० असार मसान्तसम्म १ करोड ६२ लाख ७६ हजार ८ सय ५५ रुपैयाँ कारोबार गरेको छ । शेयर पुँजी ३३ लाख ४७ हजार १ सय रुपैयाँ रहेको सहकारीको बचत तथा निक्षेप दायित्व १ करोड १८ लाख ६० हजार २ सय ४ रुपैयाँ छ । सहकारीको गत आवमा आम्दानी ३१ लाख ८० हजार र खर्च २९ लाख ३० हजार रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अलग्लाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५६२३५६२

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

उपेक्षामा दलित महिला

मकवानपुरमा दलित समुदाय र महिलाको अधिकारमा संघर्षरत् अगुवाहरुले स्थानीय तहका जनप्रतिनिधिबाटै महिल सदस्य उपेक्षामा परेको गुनासो गरेका छन् । वर्षौंदेखि दलित समुदायका महिलाको अधिकारका लागि लड्दै आएका दलित महिला संघ मकवानपुरका अगुवाले पालिकाका जनप्रतिनिधिबाटै उपेक्षामा परेको बताएका हुन् । स्थानीय तहका जनप्रतिनिधिले सहयोग नगरेसम्म दलित महिलाको उत्थान, अधिकार संरक्षण र वृद्धि विकासमा कुनै असर नदेखिने भएपनि जनप्रतिनिधिले दलित महिलाको क्षेत्रमा प्राथमिकता नदिएको आरोप लगाइएको हो । जिल्लामा निर्वाचित महिला जनप्रतिनिधिले नै दलित महिलाको सवालमा चासो नदिएको र उपेक्षामा राखेको आरोप लगाइएको हो । हेटौंडामा आयोजित सामाजिक न्याय र विकास प्रक्रियामा दलित महिलाको पँहुच अभिवृद्धिका लागि मिडियाकर्मीको भूमिका विषयक अन्तरक्रियामा दलित महिला संघका अगुवाहरुले दलित महिला उपेक्षामा परेको बताएका छन् । जिल्लामा दलित सदस्यको रुपमा निर्वाचित वडासदस्य तथा कार्यपालिका सदस्यहरु पनि सक्रिय हुन नसकेको बताएको छ । दलित समुदायकै जनप्रतिनिधिले दलित महिलाको क्षेत्रमा काम गर्न नसकेको बताइएको छ ।

दलित समुदायका जनप्रतिनिधिलाई अन्य जनप्रतिनिधिले बोल्न पनि नदिने गरेको आरोप लगाइएको छ । दलितउत्थानमा कार्यक्रम ल्याउनुपर्छ भन्दा कुनै जनप्रतिनिधिले प्राथमिकतामै नराखेको आरोप छ । दलित समुदायको लागि बजेट छुट्याएर काम गर्नुपर्छ भन्ने सोचका जनप्रतिनिधि पाउन नसकिएको उनीहरुको धारणा छ । विद्यालय क्षेत्रमा दलित समुदायलाई संवैधानिक अधिकार प्राप्तिमा कठिनाई भइरहेको बताइएको छ । दलित, गरिब र सीमान्तकृतलाई निःशुल्क शिक्षा दिनुपर्नेमा सामुदायिक विद्यालयमा जर्वजस्ती शुल्क लिइरहेको आरोप छ । कतिपय विद्यालय शुन्य दर्बन्दीमा संचालन भइरहेको छ र आफ्नो गाउँठाउँमा संचालन भएका विद्यालयमा आफ्ना नानीबाबुले शिक्षा आर्जन गर्न पाएका छन् । सबै अभिभावकले थोरैथोरै सहयोग गरेर विद्यालय जेनतेन चलिरहेको अवस्था छ । विद्यालयले शुल्क लिएको आरोप लगाउदै गर्दा एकपटक विद्यालयमा पुगेर अभिभावकको सहयोग के कस्ता शीर्षकमा कसरी खर्च भएको छ भन्ने कुरा बुझ्न जरुरी छ । दलित समुदाय र विशेषतः दलित महिलामाथि हुने गरेको विभेद र छुवाछुतको अवस्थामा खासै परिवर्तन आउन नसकेको बताइएको छ ।

मकवानपुरमा अझै पीडित महिलालाई मुद्दा दर्ता गर्न सकस परि रहेको बताइएको छ । विभेद वा छुवाछुतको मुद्दा दर्ता गर्न खोज्दा मुद्दा दर्तामै अवरोध हुने गरेको गुनासो छ । दलित महिला संघ मकवानपुरले जिल्लामा दलित महिलाको सशक्तिकरणका लागि समूह निर्माण गर्दै आएको छ । संघले हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकामा नेपालमा दलित महिला र किशोरीको मानवअधिकार अभिवृद्धि परियोजना सञ्चालन गरिरहेको छ । परियोजनाअन्तर्गत् दुई पालिकामा ३१ वटा समूह निर्माण गरी उद्यमशीलता तालिम, बचत कार्यक्रम गरिएको, नीति, कार्यक्रम र बजेट वकालत अभियान चलिरहेको छ । दलित महिला सीप र उद्यमशीलताका अवसरबाट बञ्चित हुनुपरेको, लाञ्छना र हिंसाको जगजगी रहिरहेको, मानवअधिकारमा पहुँच नहुनु र दासताको लडाई अझै रहिरहेको बताइएको छ । जातीय छुवाछुत, दलितको मुद्दालाई मिडियाले हेर्ने दृष्टिकोण, मिडियोको साथ सहयोगको अपेक्षा रहेको उनीहरुको भनाई छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५४९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०१८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बङबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२४८७, ९८४५१९१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १ गते सोमबार १५ जनवरी २०२४ । चतुर्थी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२९ । माघे संक्रान्ति (घ्यःचाकु सल्ह) । माघीपर्व । उत्तरायण आरम्भ । देवघाटमा मकरस्नान । राष्ट्रिय योग दिवस

आजको राशिफल

मेष	: मनोरञ्जन प्राप्त हुनेछ	तुला	: मनमा निरासा उत्पन्न हुनेछ
वृष	: व्यापारबाट लाभ मिल्नेछ	वृश्चिक	: समयले साथ दिनेछ
मिथुन	: स्वास्थ्योपचारमा खर्च हुनेछ	धनु	: रमाइलोमा दिन बित्नेछ
कर्कट	: मानसिक असन्तुष्टि बढ्नेछ	मकर	: जोश जागर आउनेछ
सिंह	: ज्ञानगुनका कुरा जान्न पाइनेछ	कुम्भ	: समयले साथ दिनेछ
कन्या	: काम अपुरै रहने देखिन्छ	मीन	: राम्रो समाचार सुन्न पाइनेछ

आप्रवासनको क्यानभासभित्र नेपाल

✍ राजन भट्टराई

फ्रान्सेली विद्वान् जीन-फ्रांस्वा ल्योतार्डले भनेका छन्- 'आजको मान्छे बिहान युरोपमा ब्यूँझिन्छ, दिउँसोको खाना एशियामा खान्छ र बेलुका चुइन अमेरिका पुग्दछ ।' उनको यस कथनले विश्व एकाकार भइरहेको सन्देश दिन्छ । प्रविधि र चेतनाका कनेक्टिभी एवं डिजिनाइजेशनका सञ्जालले वैश्विक भूखण्ड खुम्चिएका छन् । राष्ट्रका परिधिहरू भुगोल र सीमाभित्र मात्र परिभाषित छन् । तर वैश्विक प्रविधि र अवसरले राष्ट्रिय सीमा भत्केर सञ्जालीकृत भई निर्बाध बगेका छन् । नेपाल वैश्विक आप्रवासनको लाभ र अवसरलाई राष्ट्रिय हितमा रूपान्तरण गर्न चुकेको छ । आप्रवासनको वैश्विक लहर र कहरमा नेपालले चाल र गति मिलाउन नसक्दा नागरिकले दुर्गति त भोग्नु परेको छ । साथमा, राष्ट्रिय उन्नयनका सूचक र आप्रवासनको लयबीच तारतम्य मिलेको पाइँदैन ।

अन्तर्राष्ट्रिय संगठन (आईओएम), २०२० ले विश्वभर आप्रवासी नागरिकको संख्या २८ करोड १० लाख पुगेको र जसमा ३.६ प्रतिशत मानिसले त्यस वर्ष थातथलो छाडेको विवरण उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघको २०२३ को अध्ययन अनुसार संयुक्त राज्य अमेरिका ५१ मिलियन, जर्मनीमा १६ मिलियन, खाडी सहयोग परिषद्का देशहरू जस्तै, बहराइन, कुवेत, ओमान, कतार, साउदी अरबमा १४ मिलियन अन्तर्राष्ट्रिय आप्रवासी रहेका छन् । साथै, ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रबाट दिनानुदिन विदेशिने आप्रवासीको लहर र संख्यामा बढोत्तरी भएको छ ।

सन् २०२० मा संयुक्त अरब इमिरेट्समा ९३.३ प्रतिशत अन्तर्राष्ट्रिय आप्रवासी थिए भने त्यसपछि कतारमा ८० प्रतिशत र कुवेतमा ७।३ प्रतिशत आप्रवासी थिए । अन्तर्राष्ट्रिय आप्रवासीहरूले राष्ट्रिय जनसंख्यामा सबैभन्दा ठूलो हिस्सा ओगटेका मुलुकको संख्या विश्वभर वृद्धि हुँदैछ । संयुक्त राज्य अमेरिका पनि आप्रवासीहरूले कुल अमेरिकी जनसंख्याको लगभग १५.१ हिस्सा ओगटेका छन् । छिमेकी मुलुक भारतका आप्रवासीहरू विश्वभर फैलिएका छन् । विश्व बैंकको 'द वर्ल्ड डेभलपमेन्ट रिपोर्ट-२०२३' का अनुसार यीमध्येका आप्रवासीभित्र लगभग २० प्रतिशत अर्थात् ३ करोड ७० लाख शरणार्थीको बाहुल्य रहेको छ ।

श्रम बेच्न नै आप्रवासी कम आय भएका देशबाट उच्च आय भएका मुलुकमा गएको देखिन्छ । श्रम आप्रवासी वा दक्ष जनशक्तिको बाहुल्य संसारैभरि फैलिएका छन् । खासगरी दक्षिणएसिया वा दक्षिणपूर्वी एसियाका धेरै कामदार विश्वका जुनसुकै मुलुकमा जाने गरेका छन् र उनीहरू निर्माण, घरेलु र कम सीप भएका काममा संलग्न हुँदै आएका छन्रु । ल्याटिन अमेरिकाबाट राम्रो रोजगारीको खोजीमा संयुक्त राज्य अमेरिका र उच्च आय भएका युरोपका देशमा बसाईं सरेका छन्रु । विश्वभर कोरोनाकाल बाहेक सन् १९९० देखि नै अन्तर्राष्ट्रिय आप्रवासीको संख्या एशिया र अफ्रिकामा ७० प्रतिशतको अनुपातमा बढेको विश्व बैंकको अध्ययन, २०२३ को निष्कर्ष छ । नेपाल जस्ता मुलुकमा नागरिक विदेशिनुको कारणमा राजनैतिक अकर्मन्यता, रोजगारी र स्वरोजगारीको कमी, गरिखाने वातावरणको अभाव भनिएको छ । तापनि विकसित मुलुकको विदेशिने प्रारूप हेर्दा सूचना र प्रविधि, अवसर, सीपको सम्मान, कमाइ, सुरक्षा जस्ता कारणले आकर्षण गरेको देखिन्छ । त्यसैले नागरिक विदेशिनु विश्व बजार र खुला अर्थतन्त्रको परिणाम हो ।

संसार सबै मुलुक र नागरिकका लागि खुला प्लेटफर्म भएको छ । निर्बाध आवतजावत छ । आज विकसित मुलुकले विदेशी नागरिक ल्याएर जनशक्तिको अभाव र श्रम बजारको गर्जो टारेका छन् । धनी र राजनैतिक स्थिरता भएका मुलुकमा नागरिकहरू आफ्नो देशमा जीविकोपार्जनका सबै सम्भावना सकिएर विदेशिएका होइनन् । तर नेपालमा नागरिक विदेशिनुलाई अतिशयोक्ति व्याख्या गरिएको छ । युवालाई मुलुकमा टिकाउन र बिकाउन नसकिएको भाष्य खडा भएका छन् ।

दुर्भाग्य, मुलुकले युवालाई चिनेन, युवाले मुलुक चिन्न सकेनन् । नेपालको नीति र नेतृत्वले गरिखाने वातावरण बनाएन । उल्टै राज्यले युवालाई उठीबास लगाएको न्यारेसनले जनमानसमा जरा गाडेको छ । यस्तो लाग्छ, पूरै सिंगो मुलुक नै विदेशिने म्याराथुन दौड र क्यारामानकै ताँतीभित्र छ । नेपालभित्र जीविकोपार्जनका सम्भावना सकिएको होइन, मात्र सम्भावना नदेखिएको दृष्टिदोष हो । विश्वभर चुलिएको अवसर र प्रविधिको उभारले छायाँमा पारेको हो । विश्व अर्थतन्त्रमा विकासोन्मुख देशका लागि आप्रवासन लाभांश तथा विप्रेषण महत्त्वपूर्ण स्रोत बन्दै गएको छ । विश्व बैंकको प्रतिवेदनले विश्वका कम र मध्यम आय भएका देशमा सन् २०२३ मा ८१५ अर्ब डलर विप्रेषण भित्रिएको प्रक्षेपण गरेको छ । छिमेकी मुलुक भारत सन् २०१० देखि नै विश्वको शीर्ष रेमिट्यान्स प्राप्त गर्ने देशको पंक्तिमा उभिएको छ ।

आ.व. २०७९/८० मा नेपालभित्र १२ खर्ब २० अर्ब विप्रेषण नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ र त्यही विप्रेषणबाट गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य, आवास सहितको जीवनस्तरको सुधारमा ठूलो योगदान देखिएको छ । राष्ट्रिय योजना आयोगको अध्ययनले नेपालको गरिबी घट्नुमा राज्यको हस्तक्षेप र लगानीभन्दा विप्रेषणको प्राप्ति र उपयोगको अंश प्रभावकारी रहेको निष्कर्ष दिएको छ ।

विश्वव्यापी रूपमा आप्रवासनको तथ्यांकीय आँकडा र प्रारूपको विश्लेषण गर्दा नेपालका लागि र योजनाले नसमेटेका कैयन् विषय छन् । अध्यागमन विभागको तथ्यांक हेर्दा सन् २०२३ मा स्थायी बसोबास गर्ने गरी ७१ हजार नेपाली विदेशिएका छन् । खाडी मुलुकबाहेक युरोप, अमेरिका, अस्ट्रेलिया लगायत देश जाने नेपालीको मूल उद्देश्य नै स्थायी बसोबासका लागि हुने गरेको छ ।

सन् २०२३ मा श्रम आप्रवासनको गति र प्रवृत्ति हेर्दा पनि विदेश जाने नेपाली नागरिकको प्रमुख गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको छ । दोस्रो गन्तव्य मुलुक भारत र तेस्रोमा कतार छ । रोजगारीमा जानेमध्ये खाडीका सात मुलुक (कतार, मलेशिया, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमन) मा ९५ प्रतिशत र बाँकी अन्य मुलुकमा रहेका छन् । नेपालबाट वैदेशिक रोजगारीमा जानेहरूको संख्या वार्षिक सात लाखको हाराहारीमा रहेको छ । यसभित्र भारतमा रोजगारीमा जानेको अभिलेख रहँदैन ।

विश्व बैंकको २०२० को अध्ययन अनुसार नेपालका झन्डै आधा घरधुरी परिवारका सदस्य विदेशमा रहेका वा विदेश गई फर्किएका छन् । यतिबेला नेपाली झन्डै ६० लाख (भारत समेत) रोजगारीको सिलसिलामा देश बाहिर भएको अनुमान गरिएको छ । त्यस्तै व्यक्तिगत रूपमा १७२ मुलुकमा रोजगारीमा जान श्रम स्वीकृति दिने गरिएको छ र वैदेशिक रोजगारीमा जानेमध्ये ७४ प्रतिशत अदक्ष र बाँकी पच्चीस प्रतिशत अर्धदक्ष र दक्ष रहेको देखिन्छ । कम सीप भएका कामदार मात्र होइन, व्यावसायिक योग्यता भएका, उच्च सीप भएका नेपालीले पनि देश छाडिरहेका छन् । शिक्षा मन्त्रालय, एनओसी शाखाका अनुसार आ.व २०७९/८० मा १ लाख १० हजार जनाले एनओसी लिएका छन् । राज्यले लगानी गरेर तयार पारेको जनशक्ति विदेशिंदा मानव जनशक्तिको खाडल परेको मात्र होइन, अर्थतन्त्र उल्टै जोखिममा परेको छ । अध्ययनमा विदेशिनेले मात्र वार्षिक ६ अर्बको नेपाल बाहिर रेमिटेन्स लैजान्छन् । राज्यले युवा जनशक्ति टिकाउन नसक्दा समग्र राज्य प्रणालीमा असर परेको छ । कर्मचारी, प्रहरी, इन्जिनियर, डाक्टर, सूचनाप्रविधिका दक्ष जनशक्ति, प्राध्यापक सहितका उच्च दक्ष जनशक्ति विकसित देशमा जाने लहर उत्तिकै छ । दक्ष जनशक्तिको पलायनले निम्त्याउने भयावहको अर्कै अन्तरलय छ ।

वि.सं. २०७८ को जनगणनाले नेपालमा सक्रिय जनसंख्याभित्र ६१ प्रतिशतमा ठूलो तप्का युवाको छ । यस जनसांख्यिक लाभांशलाई नेपालले उपयोग गर्न त स्वर्णिम अवसर गुमाउँदा सन् २०२८ पश्चात् नेपाल बुढ्यौली जनसंख्या (एजिङ सोसाइटी) मा संधारमा प्रवेश गर्दैछ । त्यसैले अब नेपालले तर्जुमा गर्ने नीति र योजनाका रणनीतिलाई विश्वव्यापी श्रम आप्रवासको लहर र लयसँग समायोजित गरिनुपर्दछ । युवा जनसंख्या सेचुरेसन (उत्कर्ष) मा हुँदा राज्यले न पर्याप्त रोजगारी उपलब्ध गराउन सक्यो न वैदेशिक रोजगारीको बहावबाट रोक्ने रणनीति लागू भए ।

नेपाली युवाबाट अफ्नो मुलुक बनाउने युग त नेपालले गुमायो । अब त विदेशी श्रमशक्ति भित्र्याएर नेपाल बनाउने युगमा प्रवेश गर्दैछ र अब सोह्रौं योजनाले सो जनशक्तिको प्रक्षेपण गर्नुपर्दछ । मुलुकमा अवसर संकुचन हुँदा युवा जनशक्ति विदेश धकेलिएका हुन् । नेपालको संविधानको धारा ५१ को श्रम र रोजगार सम्बन्धी नीतिलाई वैदेशिक रोजगारीको कोणबाट हेरी शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्ने मात्र उल्लेख छ ।

वैदेशिक रोजगार ऐन २०६४, श्रम ऐन २०७४ लगायत श्रमिकको अधिकारबारे उल्लेख्य प्रावधान रहे पनि विश्व अप्रवासनको सोच र अवधारणाले हेरिएको छैन । नेपालबाट श्रमिक, विद्यार्थी, उद्यमी, कलाकार आदि सबै आप्रवासीका रूपमा देश छाडेर अर्को देश गइरहेका सन्दर्भमा स्रोत र गन्तव्य दुवै मुलुकहरूमा सामाजिक, आर्थिक विकासका शक्तिशाली चालकका रूपान्तरणका ज्ञान, अनुभव, पूँजी, सीप तथा सामाजिक रूपान्तरण प्लेटफर्म तयार गरिनुपर्छ ।

आज आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९०, अनिवार्य वा जबर्जस्ती श्रम सम्बन्धी आइएलओ महासन्धि १९३० (नं. २९), रोजगारीका लागि आप्रवासन (परिमार्जित) महासन्धि, १९४९ (नं. ९७), घरेलु कामदारका लागि मर्यादित कामसम्बन्धी महासन्धि २०११ (नं. १८९), संगठन स्वतन्त्रता र संगठित हुन पाउने अधिकारको संरक्षण सम्बन्धी महासन्धि, १९४८ (नं. ८७), आप्रवासी कामदार (अतिरिक्त व्यवस्था) सम्बन्धी महासन्धि, १९७५ (नं. १४३), निजी रोजगार एजेन्सी सम्बन्धी महासन्धि, १९९७ (नं. १४१) जस्ता अन्तर्राष्ट्रिय दस्तावेजले श्रम आप्रवासनको वकालत गरेका विषयहरूलाई नेपालका नीति र कानुनले समेटेका छैनन् ।

श्रम आप्रवासन नीति नेपालले तत्काल तयार गर्नुपर्छ । राष्ट्रिय योजना आयोगका दस्तावेज वैदेशिक रोजगारीको सोचभन्दा माथि उठी नीति र नेतृत्वले राष्ट्रिय उन्नयनसँग विश्वको आप्रवासी लहरलाई मिलान गरिनुपर्छ । स्रोत गन्तव्य मुलुकमा कमाएको सीप, ज्ञान, पूँजी र प्रविधिलाई तीनै तहका नीति र कानुनका बिच मार्फत भित्र्याइनुपर्छ । डायस्पोरले कमाएको ज्ञान, सीप, पूँजी र प्रविधिलाई अधिकतम परिचालन गर्ने नीतिले नै चीनको अर्थतन्त्र सबल बनेको उदाहरण छ ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको हिसाबकिताब र गणनामा नेपाल राष्ट्र बैंक मख्ख छ । सामाजिक लागतको लेखांकन भएको छैन जसले गर्दा नेपालले सामाजिक मूल्य चुकाउनु परिरहेको छ । वैदेशिक रोजगारी रहर र कहर दुवै विषय हो । एकांकी मात्र होइन । यो तथ्य नीति र नेतृत्वले मनन गर्नुपर्छ । बाहिरी मुलुकमा विदेशिनुभित्र पनि असाध्यै कष्ट र जोखिम छ ।

वि.सं. २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीको क्रममा १२ हजार नेपालीले मृत्युवरण गरेका छन् । गम्भीर बिरामी, अंगभंगको संख्या करीब तीन हजार छ । श्रम या वैदेशिक रोजगारीका कानुनभित्र आप्रवासीका मान्यता समेटिएको छैन । नेपालको अर्थतन्त्रमा आप्रवासनले पुऱ्याएको योगदान, प्रभाव र लेखांकनको फराकिलो दायरा निर्माण भएको छैन । सीप, अनुभव, वित्त, सामाजिक पूँजी, लगानीका पहिचान गर्ने संयन्त्र निर्माणमा योजनाबद्ध दस्तावेजले बोलेका छैनन् । म्यानपावर कम्पनी नियमनमा अल्झेका छन् ।

विदेशिने आप्रवासी सीप दर्ता, अभिलेख, उपयोग, अनुदान, ऋण, लगानीका 'प्लेटफर्म' निर्माण गरिनुपर्छ । स्वदेश फर्केने आप्रवासीलाई आर्जित सीप, ज्ञान, पूँजी आदिको आधारमा केही बचत पूँजी लिई उद्यमशीलता सुरु गर्न परामर्श तथा ऋण सुविधा उपलब्ध गराउने संयन्त्र बनाइनुपर्छ । आप्रवासी श्रमिकको पुनःएकीकरण, नीतिगत र संरचनागत व्यवस्थापनका खाका र प्रारूप तयार पारिनुपर्छ ।

फिलिपिन्समा राष्ट्रिय पुनःएकीकरण केन्द्र स्थापना गरी श्रमिकहरूलाई परामर्श सेवा, ज्याला, रोजगार, सहायता, सीप प्रशिक्षण तथा क्षमता विकास गर्ने राष्ट्रिय संयन्त्र प्रभावकारी छ । त्यसैगरी भियतनाममा पनि श्रम विभाग अन्तर्गत विदेशबाट फर्किएका आप्रवासी श्रमिकलाई नै लक्षित गरी रोजगार सहायता सम्बन्धी छुट्टै कानुनी व्यवस्था गरेको पाइन्छ ।

नेपाल वैदेशिक रोजगारबाट माथि उठेर आप्रवासन गभर्नेन्समा रूपान्तरण हुनुपर्छ । वैश्विक आप्रवासनका सिद्धान्तहरू नीति, कानुन र संयन्त्रमा प्रतिविम्बित हुनुपर्छ । आप्रवासन नीति, कानुन, सीप पहिचान र वृद्धि, श्रम बजार र सीपको तालमेल, श्रमिकको सामाजिक सुरक्षा, सीप दर्ता, परीक्षण उपलब्धिमूलक बनाइनुपर्छ ।

स्वरोजगार सुरु गर्दा वा आफ्नो सीपलाई पूँजीमा परिणत गर्दा राज्यमाथि पर्ने भारका रणनीति तयार गरिनुपर्छ । सुरक्षित आप्रवासनभित्र आप्रवासी कामदारहरूको आप्रवासन प्रक्रियाका सबै इकोसिस्टम समेटिएको हुनुपर्छ । जस अन्तर्गत कानुनी पक्ष, ठगी नियन्त्रण, मर्यादित काम, बस्ने व्यवस्था, स्वास्थ्य, सूचना तथा सञ्चार सेवामा पहुँच, सेवा र सुविधा, सीप विकास, अधिकारको वकालत सुरक्षित आप्रवासनका विषयहरू समेटिनुपर्छ ।

त्यति मात्रै होइन, नेपालभित्रको श्रमलाई मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, सीपयुक्त जनशक्तिको विकास, सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबर्धन, बालश्रम निवारण आदिमा पनि आप्रवासन नीति चकमा समेटिनुपर्छ । नेपालको आप्रवासन वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित मात्र बनाउने होइन कि आर्जनबाट सीप, प्रविधि, पूँजीको उपयोग गरी आन्तरिक रोजगार फराकिलो बनाउने निर्दिष्ट मार्ग पहिचान गरिनुपर्छ ।

नेपालले श्रमशोषण, मानव बेचबिखन नियन्त्रण गर्ने संयन्त्र तथा पद्धतिको विकास गरी द्विपक्षीय श्रम सम्झौता गर्ने र त्यस्ता सम्झौतामा मानवअधिकार संरक्षणको प्रत्याभूतिका विषय समावेश गराउनुपर्छ्न । संयुक्त राष्ट्रका विशेष प्रतिवेदनले गरेका सिफारिस र सन्धिजनित समितिबाट गरिएका सिफारिस कार्यान्वयन हुनुपर्छ । निजी रोजगार एजेन्सी सम्बन्धी महासन्धि, १९९७ (नं. १४१) जस्ता अन्तर्राष्ट्रिय दस्तावेजले श्रम आप्रवासनको वकालत गरेका विषयहरूलाई नेपालका नीति र कानुनले समेटेका छैनन् ।

श्रम आप्रवासन नीति नेपालले तत्काल तयार गर्नुपर्छ । राष्ट्रिय योजना आयोगका दस्तावेज वैदेशिक रोजगारीको सोचभन्दा माथि उठी नीति र नेतृत्वले राष्ट्रिय उन्नयनसँग विश्वको आप्रवासी लहरलाई मिलान गरिनुपर्छ । स्रोत गन्तव्य मुलुकमा कमाएको सीप, ज्ञान, पूँजी र प्रविधिलाई तीनै तहका नीति र कानुनका बिच मार्फत भित्र्याइनुपर्छ । डायस्पोरले कमाएको ज्ञान, सीप, पूँजी र प्रविधिलाई अधिकतम परिचालन गर्ने नीतिले नै चीनको अर्थतन्त्र सबल बनेको उदाहरण छ ।

अध्यागमन, श्रम अधिकार र कूटनीतिका क्षेत्रलाई सबलीकरण गरिनुपर्छ । नेपाल श्रम सर्वेक्षण २०७५ अनुसार, प्रत्येक वर्ष कम्तीमा १६ लाखदेखि २० लाखसम्म युवा नेपाली श्रम बजारमा आउँछन्, तर तीमध्ये पाँच प्रतिशतले मात्र रोजगारी पाउँछन् ।

राष्ट्रिय जनगणना, २०७८ ले आन्तरिक बसाईंसराइका दश कारणमध्ये काम-रोजगारी खोज्दै बसाईंसराइ गर्ने १५.२ प्रतिशत, व्यापार-व्यवसायका सिलसिलामा २.८ प्रतिशत, अध्ययन/तालिमका सिलसिलामा ७.८ प्रतिशत, आश्रित १९.५ प्रतिशत, प्राकृतिक प्रकोप ०.७ प्रतिशत, कृषि ३.९ प्रतिशत, घर फर्किएको ४.१ प्रतिशत र अन्य ६.६ प्रतिशत रहेका छन् । यसका लागि पनि राज्यको नीतिले सम्बोधन गर्नुपर्छ । व्यक्तिले योग्यता र सीप अनुसारको रोजगारी पाएका छैनन् । जनसंख्याका आधारमा ३४.२ प्रतिशत नागरिक मात्र रोजगार छन् । मुलुकले स्वरोजगारको लगानी र वातावरण तयार गर्नुपर्छ । जनसंख्याशास्त्रका अध्येता कार्ल्सर ओज्डेनले भनेका छन्- 'विश्वभर जनसांख्यिकीका कारण एक इन्फ्लेक्शन बिन्दुमा छ र मानव इतिहासमा यो पहिलो पटक हो कि ठूलो संख्यामा देशहरूमा शान्तिपूर्ण जनसंख्या घटेको देखिरहेका छौं ।' यसैले नेपाल मात्र होइन विश्वको जनसांख्यिकीका ढाँचा र प्रारूप बदलिएका छन् ।

आज एकै समयमा उमेर र श्रम शक्तिको आवश्यकतालाई सन्तुलनमा राख्ने, शिक्षा, आर्थिक एकीकरण र सांस्कृतिक साझेदारी विस्तार गर्ने सन्दर्भमा आप्रवासनलाई धेरै राष्ट्रहरूले हेरेका छन् । दक्ष आप्रवासीहरूको लागि विश्वव्यापी प्रतिस्पर्धा बढ्दै जाँदा, केही गन्तव्य देशहरूले भिसा नीतिहरू पुनर्लेखन गरिरहेका छन् । डायस्पोरा रणनीतिहरू विस्तार वा विकास गरी आफ्ना आप्रवासीहरूलाई आफ्नो देशमा लगानी गर्न प्रोत्साहित गर्नुमा धेरै राष्ट्र लागेका छन् ।

(साभार: अनलाइनखबर)

पूर्ण स्तनपानले घटाउन सक्छ बाल मृत्युदर

✍ डा शैलेन्द्र वीर कर्माचार्य

स्तनपान कम बजेटमा मृत्युदर घटाउने सर्वोत्कृष्ट उपाय हो । शिशु मृत्युदर घटाउनका लागि हामीले ७५ प्रतिशत काम थोरै लगानीबाट पनि घटाउन सक्छौं । नेपाल जस्तो आर्थिक रुपमा कमजोर मुलुकले शिशु मृत्युदर घटाउनका लागि स्तनपान गराउने दर बढाउन सक्नु आवश्यक हुन्छ । पूर्ण स्तनपान गराइएको अवस्थामा ३३ प्रतिशत बाल मृत्युदर घटाउन सकिन्छ । स्तनपानका लागि ठूलो मात्रामा बजेटको आवश्यकता नपर्ने भएपनि हाम्रो देशमा अझै पनि यस प्रकारको अभ्यास गर्न सकिएको छैन । तथ्यांक अनुसार भन्नुपर्दा नेपालमा स्तनपान गराउने आमाहरुको संख्या दिनप्रतिदिन घट्दो क्रममा रहेको छ ।

स्तनपान आमा बच्चा दुवैका लागि फाइदाजनक

स्तनपानले आमा बच्चा तथा समाजलाई फाइदा पुग्ने गर्छ । स्तनपान गराउने महिलाहरुमा क्यान्सर तथा ट्युमर हुने जोखिम कम हुन्छ । यसले बच्चाहरुमा हुने विभिन्न प्रकारको इन्फेक्सनको मात्रा घटाउने गर्छ । आधुनिक जीवनशैलीको नाममा स्तनपानले शारीरिक बनोट बिग्रन्छ भन्ने भ्रम आमाहरुमा रहेको हुन्छ । स्तनपान गराउँदा महिलाहरुको शरीर अझै राम्रो हुँदै जान्छ । गर्भावस्थामा धेर महिलाहरुको शरीरको तौल बढ्ने गर्छ । नियमित स्तनपानले यसरी गर्भावस्थामा बढेको अनावश्यक तौललाई नियन्त्रणमा ल्याउन सहयोग गर्छ । नियमित रुपमा स्तनपान गराउने महिलाहरुमा अन्य कुनै पनि प्रकारको शारीरिक अभ्यास आवश्यक पर्दैन । स्वास्थ्यका अन्य सुचकहरुका आधारमा भन्ने हो भने शिक्षित महिलाहरुको संख्या बढी भएको क्षेत्रमा स्तनपान गराउनेको संख्या पनि बढी हुनुपर्ने हो ।

शिक्षित महिला नै गराउदैनन् स्तनपान

तर स्तनपान गराउने महिलाको संख्याका आधारमा भन्ने हो शिक्षित महिलाहरु बढी भएका क्षेत्रमा नै स्तनपान गराउनेको संख्या कमी रहेको पाइन्छ । त्यसैले स्तनपान नगराउनुमा शिक्षा मात्रै कारक तत्व नभएको अध्ययनले बताउँछ । त्यसका लागि अन्य समस्याहरुको समेत पहिचान भइ त्यसको उचित सम्बोधन हुनु आवश्यक छ । बच्चा जन्मिएको करिब १ घन्टाभित्र नै स्तनपान गराइसक्नुपर्छ । बच्चा जन्मिएको ६ महिनासम्म पूर्ण रुपमा स्तनपान तथा ६ महिनापश्चात् अन्य खानेकुराहरु समेत मिलाएर बच्चालाई खुवाउन सकिन्छ ।

नेपालमा स्तनपान परामर्शको कमी

बच्चाले बढी चुसेमा आमाको शरीरमा दूध उत्पादनको मात्रा पनि बढ्दै जान्छ । नेपालजस्तो मुलुकमा सुरुवाती अवस्थामा नै बच्चालाई कम मात्रामा दूध चुसाइने गरिन्छ, जसकारण दूध कम उत्पादन हुने गर्छ । नेपाल जस्तो विकासोन्मुख मुलुकमा स्तनपानका लागि गरिने परामर्शको कमी भएको अवस्था छ । धेरै जस्तो महिलाहरु बिना योजना नै गर्भवती हुने गर्छन् । यद्यपि विकसित मुलुकहरुको कुरा गर्ने हो महिलाहरु योजना बनाएर मात्रै गर्भवती हुने गर्छन् । परोपकार प्रसूती तथा स्त्री रोग अस्पतालमा आइसियूमा भर्ना भएर बसेका आमाहरुले बच्चालाई स्तनपान गराउन नसक्दा तथा धेरै प्रयासमा पनि आमाको दूध नआएको अवस्थामा ह्युमन मिल्क बैंकको माध्यमबाट दूध दिने गरेको छ ।

प्रोटिन के हो ? शरीरका लागि किन जरुरी छ ?

प्रोटिन एमिनो एसिडहरू मिलेर बनेको यौगिक हो । एमिनो एसिडहरू मिलेर बन्ने प्रोटिन मानव शरीरका लागि अत्यावश्यक थुप्रै पोषक तत्त्वमध्ये एक हो । जुन हामीले हाम्रो खानामार्फत प्राप्त गर्न सक्छौं । यसले शरीरको कोषिका निर्माण र मर्मतमा ठूलो भूमिका निर्वाह गर्छ । यो हरेक उमेरका मानिसलाई आवश्यक हुन्छ ।

प्रोटिनले शरीरको वृद्धि, विकास र सुरक्षामा विशेष भूमिका खेलेको हुन्छ । हाम्रो कपाल र नङ स्वस्थ हुनुमा पनि प्रोटिनको भूमिका हुन्छ । साथै शरीरले धेरै प्रकारका इन्जाइम, रसायन र हार्मोन बनाउन प्रोटिनको प्रयोग गर्छ ।

शरीरलाई सहज रूपमा काम गर्न आवश्यक ऊर्जाको ठूलो हिस्सा प्रोटिनबाट मात्रै आउँछ । यही कारणले गर्दा शरीरमा प्रोटिनको कमी हुँदा मानिसलाई थकान र कमजोरी महसुस हुन थाल्छ । त्यसैले प्रोटिनयुक्त खानेकुरा उचित मात्रामा सेवन गर्नुपर्छ ।

शरीरलाई कति प्रोटिन चाहिन्छ ?

एक सामान्य वयस्क व्यक्तिलाई दैनिक तौलको प्रति किलोग्राम ०.८ ग्रामदेखि १ ग्राम प्रोटिन चाहिन्छ । यसबाहेक दैनिक व्यायाम गर्ने व्यक्तिका लागि प्रति किलोग्राम तौलमा १ ग्रामदेखि १.५ ग्राम प्रोटिनको दैनिक मात्रा आवश्यक हुन्छ । साथै व्यक्तिको शारीरिक क्षमता र स्वास्थ्य अवस्थाअनुसार प्रोटिनको मात्रा फरक हुन सक्छ । साना बालबालिकाको कुरा गर्ने हो भने उनीहरूलाई पाँच वर्षको उमेर अघि नै दैनिक १० ग्राम प्रोटिन चाहिन्छ ।

नेसनल इन्स्टिच्युट अफ न्युट्रिसनको रिपोर्टअनुसार एक पुरुषलाई हरेक दिन ५० ग्राम प्रोटिन चाहिन्छ । एकै समयमा प्रत्येक महिलालाई दैनिक ४६ ग्राम प्रोटिन चाहिन्छ । तर गर्भावस्थामा प्रोटिनको आवश्यकता ७२ ग्रामले बढ्न सक्छ ।

प्रोटिनको स्रोत

सामान्यतया मांसाहारी खानेकुरामा प्रोटिन धेरै मात्रामा पाइन्छ । यसो भन्दैमा शाकाहारी खानेकुरामा प्रोटिन नपाइने भन्ने होइन ।

माछा, मासु, अण्डा आदि प्रोटिनको मांसाहारी स्रोत हुन् भने शाकाहारी स्रोतहरुमा सोयाबिन, पनिर, दाल, गेडागुडी, ड्राइफ्रुटस, दूध, फर्सीको बियाँ, तिल, आलस, गहुँ, चामल, कोदो, फापर, ब्रोकाउली लगायत पर्छन् ।

माछा मासु खाँदा प्रोटिन नपुग्ने हो ?

माछा, मासु र अण्डामा प्रोटिनको मात्रा धेरै हुन्छ तरमासु मात्रै प्रोटिनको राम्रो स्रोत भन्ने कुरा गलत हो । माछामासु बाहेक पनि यस्ता विभिन्न खानेकुरा छन् जुन प्रोटिनका सर्वश्रेष्ठ स्रोत हुन् । शाकाहारी मानिसले यस्ता खानेकुराको सेवन गरेर आफ्नो शरीरको लागि आवश्यक प्रोटिन पाउन सक्छन् ।

शरीरमा प्रोटिनको कमी भयो भने के हुन्छ ?

शरीरमा प्रोटिनको कमी भयो भने मान्छे दुब्लाउँदै जाने, बच्चामा प्रोटिनको कमी भएर सुकेनास र फुकेनासको समस्या देखिने समेत देखिन्छ ।

मधुमेह भएको व्यक्तिमा प्रोटिनको कमी भएमा सुगरको मात्रा नियन्त्रण गर्न गाह्रो हुन्छ । जसकारण मुड बदलिने, रिस उठ्ने, तनाव उत्पन्न हुने हुन्छ । कतिसम्म भने तनावकै कारण शरीरले कमजोरी तथा थकान महसुस गर्न थाल्छ ।

शरीरमा प्रोटिनको कमी भएमा रोगप्रतिरोधात्मक क्षमतामा कमी आउँछ । प्रोटिनको कमीका कारण सुन्दरता समेत प्रभावित हुन्छ । प्रोटिनको कमीले कपाल झर्ने, टुक्किने तथा नङ भाँचिने जस्ता समस्या समेत निम्तिन्छ ।

शरीरमा प्रोटिनको निकै कमी भए जोर्नी समेत दुख्छ । जोर्नीमा पाइने तरल पदार्थको निर्माणमा समेत कमी आउन सक्छ । जसले गर्दा जोर्नी लचिलो नहुनुका साथै जोर्नी दुख्ने गर्छ ।

प्रोटिनको धेरै सेवन पनि हानिकारक हुन सक्छ

अत्यधिक मात्रामा प्रोटिनको सेवनले मिर्गौलालाई दबाब दिन्छ, जसले मिर्गौलालाई क्षति पुऱ्याउन सक्छ । केही अनुसन्धान अनुसार एक निश्चित उमेरपछि प्रोटिनको मात्रा बढी खाँदा यसले शरीरमा युरिया एसिड बढाउँछ । यसले गर्दा पिसाबबाट कम मात्रामा क्याल्सियम निस्कन्छ । यस्तो अवस्थामा शरीरमा क्याल्सियम बढी जम्मा हुन्छ, जसले गर्दा पत्थरी हुन सक्छ । प्रोटिनको मात्रा बढी हुनु मिर्गौलाका लागि स्वस्थकर हुँदैन ।

प्रोटिनको अत्यधिक सेवनले पाचन सम्बन्धी समस्या निम्त्याउन सक्छ । विशेषगरी मांसाहारी प्रोटिन धेरै सेवन गर्दा कब्जियत हुन सक्छ ।

(स्रोत: अनलाइनखबर)

१९ नम्बर वडामा नेकपा एसको वडा कमिटी पुनर्गठन

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/नेकपा (एकिकृत समाजावादी)को हेटौंडा उपमहानगरपालिका-१९ मा वडा कमिटी पुनर्गठन गरिएको छ । पार्टीका अध्यक्ष रहेका रामप्रसाद दाहाल एमाले प्रवेश गरेपछि नेतृत्वबिहिन बनेको पार्टीको पुनर्गठन गरिएको हो ।

सनिवार हेटौंडा-१९ ज्यामिरेमा भएको वडा भेलाले मानबहादुर मोक्तानको अध्यक्षतामा १५ सदस्य वडा कमिटी गठन गरेको हो । कमिटीका उपाध्यक्षमा रुपक ब्लोन र सचिवमा सरिता सिग्देल रहेका छन् । त्यस्तै भेलाले विकास भ्लोनको अध्यक्षतामा १५ सदस्य युवा संघ १९ नम्बर वडा कमिटी गठन गरेको छ । युवा संघको वडा उपाध्यक्षमा मिलन घलान र सचिवमा नबराज मुक्तान रहेका छन् ।

वडा भेलाले निरुता मोक्तानको अध्यक्षतामा १७ सदस्य अखिल नेपाल महिला संघ (समाजवादी) गठन गरेको छ । महिला संघो उपाध्यक्षमा सरस्वती घलान, सचिव सरीता गोले र कोषाध्यक्षमा मानकुमारी तितुङ रहेका छन् । वडा भेलामा नेकपा एसका पोलिटब्युरो सदस्य धनप्रसाद गौतमले समाजवादी अभियानमा जोडिएका सम्पूर्णलाई स्वागत गर्दै सपथ ग्रहण गराएका थिए । पार्टीले चलाएको अभियानमा जोडिँदै संगठन बिस्तामा लाग्न सबैलाई आग्रह गर्दै बिस्तारै पार्टीले गति लिँदै जाने उनको भनाई थियो ।

भेलामा नेकपा एसका केन्द्रीय सदस्य मीनाकुमारी लामाले संगठनलाई बलियो बनाउँदै लैजादा हामी आफै पनि बलियो हुने बताइन् । आफू अहिले उपमहानगरको नेतृत्वमा रहेको अवस्थामा विपन्न र भौगोलिकरुपमा बिकट रहेका क्षेत्रलाई प्राथमितामा राखेर काम गरिरहेको बताइन् । हेटौंडा उपमहानगरपालिका-१९ का कार्यबाहक अध्यक्ष मानबहादुर मोक्तानको अध्यक्षतामा भएको भेलामा पार्टीका केन्द्रीय सदस्य राजाराम स्याङ्तान, जिल्ला सचिव ध्रुवबहादुर भुजेल लगायतको आतिथ्यता थियो ।

भुटनदेवीमा रात्रिकालीन पाहुना विश्रामघरको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा-१० स्थित भुटनदेवी मन्दिरमा रात्रिकालीन पाहुना घर सञ्चालनमा आएको छ । भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिले संचालन गर्ने गरी भुटनदेवी रात्रिकालीन पाहुना विश्रामघरको शनिबार उद्घाटन गरिएको हो ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले शनिबार विश्रामघरको उद्घाटन गरेका हुन् । भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिको २० औं साधारणसभा तथा अधिबेशनको प्रमुख अतिथि समेत रहेका बानियाँले विश्रामघरको उद्घाटन गरे ।

समितिको २० औं साधारण सभा तथा रात्रिकालीन पाहुना विश्रामघरको समुदघाटन गर्दै बानियाँले भुटनदेवी मन्दिरको भौतिक पूर्वाधार निर्माण तथा पर्यटकीय प्रवर्द्धनका लागि विगतदेखि नै सहयोग गर्दै आएको बताए । उनले आगामी दिनमा पनि आफू र प्रदेश सरकारको तर्फबाट सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । नेता बानियाँले धर्म भनेको सत्य र ठीक बाटो हिंडाउने माध्यम भएको बताउँदै यसको सम्वर्द्धन र प्रवर्द्धन गर्न हामी सबै लाग्नुपर्ने बताए ।

बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा निर्मित २४ कोठे विश्रामघरमा ६० जनासम्म बस्न मिल्ने समिति अध्यक्ष रामभान श्रेष्ठले बताए । समितिका अध्यक्ष श्रेष्ठको सभाध्यक्षतामा भएको साधारणसभा तथा अधिवेशनले नयाँ नेतृत्वसमेत निर्वाचित गर्ने बताइएको छ । साधारणसभामा मन्दिरलाई सहयोग र विभिन्न क्षेत्रबाट योगदान गर्ने समाजसेवीलाई मायाको चिनो र सम्मानपत्र प्रदान गरिएको थियो ।

त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय यात्रु आवतजावत अहिलेसम्मकै धेरै

काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२३ मा अहिलेसम्मकै धेरै यात्रु आवतजावत गरेका छन् ।

सन् २०२३ मा त्रिभुवन विमानस्थलको बाटो भएर ४५ लाख ४१ हजार १३७ जनाले आवतजावत गरेका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले जनाएको छ । यो संख्या सन् २०२२ को तुलनामा ३०.१८ प्रतिशतले बढी हो ।

कोरोना महामारीको समयअघि सन् २०१८ मा भन्दा ४.५ प्रतिशतले बढी रहेको कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

सन् २०२३ को जनवरी १ देखि डिसेम्बर ३१ सम्म त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय उडान तथा अवतरण संख्या ३१ हजार ४६० रहेको छ । यो अवधिमा नेपालबाट २४ लाख २० हजार ७८७ जना विदेश गएका छन् भने २१ लाख २० हजार ३५० जना नेपाल भित्रिएका छन् । फ्लाइट संख्या सन् २०२२ को तुलनामा २९.४ प्रतिशतले बढी हो भने कोरोना महामारी भन्दा अगाडि सन् २०१८ भन्दा १०.७६ प्रतिशतले कम हो ।

कार्गो आगमन भने सन् २०२२ भन्दा १३.९८ प्रतिशतले कमी अर्थात २२ हजार १४६.३७७ टन मात्र भएको छ ।

अन्तर्राष्ट्रिय यात्रुको आवतजावत बढे पनि आन्तरिक आवागमन भने घटेको छ । सन् २०२३ मा त्रिभुवन विमानस्थल प्रयोग गरेर ४१ लाख ५० हजार ३२६ जनाले आवतजावत गरेका छन् ।

जुन सन् २०२२ को भन्दा ७.०७ प्रतिशतले कमी रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले जानकारी दिएको छ । आन्तरिक हवाइ उडानको संख्या भने ९६ हजार ९८९ रहेको छ । यो पनि सन् २०२२ को तुलनामा १०.३६ प्रतिशतले कम हो ।

आन्तरिक उडानमा कार्गो ओसारपसार तीन हजार ४२६.८६१ टन भएको छ । यो मात्रा भने सन् २०२२ को भन्दा १०.८७ प्रतिशतले वृद्धि हो ।

'रावायण' नबनेपछि 'खजुरे ब्रो'बाट डेब्यू गर्दै नीति

काठमाडौं/नीति शाहलाई फिल्ममा डेब्यू गर्न ठूलै संघर्ष गर्नुपरेको छ । लगातार फिल्म सम्झौता गरिरहँदा पनि उनको अभिनेत्री भएर पर्दामा देखिने सपना पूरा हुन सकेको छैन । 'हुतुतु', 'एक्स ९', 'कामिनो' र 'रावायण' गरी चार फिल्म सम्झौता गर्दा पनि कुनै बन्न सकेनन् । जसले गर्दा उनी जोडिएको फिल्म नै बन्दैनन् भन्ने भाष्य निर्माण भएको थियो । अब भने नीतिको फिल्ममा डेब्यू निश्चित भएको छ ।

फिल्म 'खजुरे ब्रो'बाट उनले अभिनेत्रीको रुपमा डेब्यू गर्न लागेकी हुन् । दुई हप्ताअघि नै फिल्ममा अनुबन्ध भएर उनी शुक्रबार बाट छायांकनमा समेत जोडिसकेकी छन् ।

आगामी माघ १ गते काठमाडौंमा एक कार्यक्रम आयोजना गरेर शुभमुहूर्त गरेपछि पूर्वको धरानमा बाँकी छायांकन गर्ने तयारीमा निर्माण टिम छ । फिल्मको छायांकन नै सुरु भैसकेकाले नीतिलाई ठूलो राहत मिलेको छ ।

फिल्ममा नीतिको जोडी अभिनेता रेअर राईसँग बाँधिएको छ । रंगमञ्च पृष्ठभूमिका रेअरले दर्जनौं नाटकसँगै 'गोर्खा वारियर', 'यात्रा', 'ए मेरो हजुर ३' लगायतका फिल्ममा अभिनय गरिसकेका छन् । 'खजुरे ब्रोमा उनी टाइटल क्यारेक्टरमा देखिने जानकारी प्राप्त छ । रेअर र नीतिको जोडी दर्शकलाई रोचक हुनसक्ने देखिन्छ । शीर्षकले नै 'खजुरे ब्रो' कमेडी कथावस्तुमा निर्माण हुने संकेत गर्छ ।

'वङ्ङ' रिलिजको ९ वर्षपछि निर्देशनमा फर्किन लागेका सुरज सुनुवारको लेखन र निर्देशनमा बन्न लागेको फिल्ममा महेश विपाठी, नविन मानन्धर आदिको पनि अभिनय रहनेछ । निर्देशक सुनुवार र नविन मानन्धरको संयुक्त निर्माण रहने फिल्मको काठमाडौं र धरानसँगै इटहरी र भारतस्थित दार्जलिङमा छायांकन गरिने जनाइएको छ । फिल्मका गीतमा अनमोल गुरुङको संगीत रहनेछ ।

स्वस्तिमा र निश्चल नाचेको 'कुटुमा कुटु'को युट्युबमा कीर्तिमान

काठमाडौं/डिजिटल युगमा युट्युबलाई गीतको लोकप्रियता मापन गर्ने तराजु मान्ने गरिन्छ । संसारमा युट्युबमा सर्वाधिक हेरिने धेरै गीत छन् । नेपालमा पनि केही गीत करोडौंपटक हेरिएका छन् । तर, 'युट्युब युग' सुरु भएयता सबैभन्दा धेरै हेरिने नेपाली गीतको रेकर्ड भने 'कुटुमा कुटु'को नाममा छ । फिल्म 'दुई रुपैयाँ'मा समावेश यो गीतले युट्युबमा २० करोड भ्यूजको अर्को कीर्तिमानी बनाएको छ ।

६ वर्षअघि हाइलाइट्स नेपालको युट्युब च्यानलमा रिलिज भएको गीतलाई शुक्रबार २० करोड भ्यूज मिलेको हो । प्रायः हरेकजसो सार्वजनिक कार्यक्रममा अनिवार्य घन्किने यो गीतमा राजनराज सिवाकोटीको शब्द र संगीत छ भने गायनमा उनलाई राजन इसान र मेलिना राईले सघाएका छन् । तीन करोड जनसंख्या रहेको देशमा एउटै गीतलाई २० करोडपटक हेरिनु सानो उपलब्धि होइन ।

गीतले २० करोड भ्यूज प्राप्त गरेपछि संगीतकार राजनराजले फेसबुकमा लामो स्टाटस लेख्दै 'बिर्कोमा लाको चिनीमा कसरी पस्यो कमिलो' लेख्दा आफ्नो हात कामेको स्मरण गरेका छन् । तर, पछि यही लाइन चर्चित बनेकोमा खुसी व्यक्त गर्दै उनले ५ मिनेटको गीतमा अन्न, फलफूल, बनस्पती, चराचुरुंगी, जनावर, धर्मसँगै धुम्रपान र मद्यपान गर्नु हुँदैन भन्ने सन्देश पनि रहेको बताएका छन् ।

'दुई रुपैयाँ' बक्स अफिसमा सफल हुनुमा 'कुटुमा कुटु' गीतको ठूलो योगदान मानिन्छ । र, यही गीतमा नृत्य गरेकै भरमा अभिनेत्री स्वस्तिमा खड्का दर्शकको ठूलो वर्गमा चिनिएकी थिइन् । उनले यो गीतलाई आफ्नो करिअरको टर्निङ पोइन्ट मान्ने गरेकी छन् । गीतमा स्वस्तिमाका साथै निश्चल बस्नेत र आसिफ शाहको पनि नृत्य छ । फिल्मका निर्देशक असिम शाह (रास्वपाका सांसद) हुन् ।

राष्ट्रिय टिम बुद्धिचाल च्याम्पियनसिपको उपाधि दोलखालाई

ललितपुर/ढैटौ तुल्सिलाल स्मृति राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि दोलखा चेस होम नेपालले जितेको छ ।

ललितपुरको च्यासलस्थित तुल्सिलाल स्मृति प्रतिष्ठानको हलमा शनिबार सम्पन्न फाइनल खेलमा भक्तपुर जिल्ला बुद्धिचाल संघलाई हराउँदै दोलखाले उपाधि जितेको हो ।

उपाधि जित्ने क्रममा दोलखाले भक्तपुरलाई ३-५ र ०-५ ले पराजित गऱ्यो । टिमलाई उपाधि जिताउने क्रममा दोलखामा वर्तमान नेपाल च्याम्पियन रुपेस जैसवालले युवा खेलाडी पुरुषोत्तम सिलवाललाई पराजित गर्दा दोलखाका सुश्रुत दाहाल र भक्तपुरका विकास चोकामीले बराबरी खेले ।

त्यस्तै दोलखाका मुहान नर्सिङ श्रेष्ठ र सुजना लोहनीले क्रमशः भक्तपुरका स्वर्णिम दुवाल अभिक शाहलाई पराजित गरे । यस्तै शनिबार नै भएको अर्को खेलमा मकवानपुर जिल्ला चेस संघलाई २-५ र १-५ ले पराजित गर्दै कोशी प्रदेश प्रतियोगितामा तेश्रो भएको छ ।

प्रतियोगिताको उपाधि जितेसँगै दोलखाले ट्फीसँग २ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । यस्तै उपविजेता भक्तपुरले १ लाख २० हजार, तेश्रो स्थान प्राप्त गरेको कोशीले ६० हजार र चौथो भएको मकवानपुरले ४० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । त्यसैगरी प्रत्येक बोर्डमा प्रथम हुने ४ जना खेलाडीहरुलाई जनही १० हजार पुरस्कार प्रदान गरिएको छ ।

प्रतियोगितामा राष्ट्रिय स्तरका उत्कृष्ट १९ क्लबले प्रतिस्पर्धा गरेका थिए ।

रुकमनको प्रेममा दीया

काठमाडौं/कलाकारको प्रेम र ब्रेकअप सामान्य मानिन्छ । तर, सार्वजनिक व्यक्ति भएकाले मिडियामा त्यो चासो र चर्चाको विषय बन्ने गरेको छ । यसबीच, 'वीर विक्रम' अभिनेत्री दीया पुनको पनि प्रेम जीवन सार्वजनिक भएको छ । उनी केही वर्षयता रुकमन लामासँग प्रेम सम्बन्धमा छिन् । रुकमनले दीयासँगका केही तस्वीरहरु आफ्नो इन्स्टाग्राम र फेसबुकमा सेअर गर्दै प्रेम भाव व्यक्त गरेका छन् ।

गत डिसेम्बर २६ मा दीयाको जन्मदिन परेको थियो । र, उनको जन्मदिन 'सेलिब्रेट' गरेका तस्वीरहरु सेअर गर्दै रुकमनले लेखेका छन्, 'तिमी मेरो जीवनलाई बाँच्न लायक बनाउँछौं । मेरो अनुहारमा मुस्कान ल्याउँछौं र तिम्रो स्पर्शले तिमी मलाई कति प्रेम गर्छौं र कति ख्याल गर्छौं भन्ने देखाउँछ बजै । तिमी मेरो लागि सबथोक हौं ।' रुकमनको यो पोस्टमा धेरैले दीयालाई 'भाउजु' भनेका छन् ।

रुकमनले ब्रिटिश आर्मी र सिंगापुर पुलिसका लागि चितवनमा गोर्खाज् ट्रेनिङ नामक संस्था चलाउँदै आएका छन् भने उनको एउटा एडभेञ्चर कम्पनी पनि छ । उनी राइडिङका पनि सौखिन हुन् । दीयाले गत वर्ष सगरमाथा र यस वर्ष अफ्रिकाको हिमाल माउन्ट किलिमन्जारोको आरोहण गर्दा रुकमन पनि साथमा थिए । दुवैले बाइकबाटै नेपालका धेरै ठाउँमा एकसाथ यात्रा गरिसकेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मकवानपुर साकोसको मुनाफा साढे ८ लाख

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा उपमहानगरपालिका-४, स्थित मकवानपुर बचत तथा ऋण सहकारी संस्थाले ८ लाख ५४ हजार नाफा आर्जन गरेको छ ।

सहकारीले गत आर्थिक वर्ष २०७९/८० मा ८ लाख ५४ हजार तीन सय ३६ रुपैयाँ नाफा आर्जन गर्न सफल भएको हो । शनिबार भएको सहकारीको २४ औं साधारणसभाको अवसरमा संस्थाको नाफा आव ०७८/७९ को तुलनामा कम रहेको सहकारीले जनाएको छ । सहकारीले आव ०७८/७९ मा ५१ लाख १२ हजार नाफा आर्जन गर्न सफल भएको थियो । सहकारीले गत आव सम्ममा ९ सय ७५ जना पुरुष र एक हजार चार सय ९६ महिला गरी जम्मा दुई हजार चार सय ७१ शेयर सदस्यबाट दुई करोड २५ लाख ९ सय शेयर पुँजी संकलन गरेको लेखा समितिले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

सहकारीले गत आवमा १७ करोड ९३ लाख निक्षेप संकलन गरेको छ । १६ करोड ५४ लख ऋण लगानी गरेको लेखा सुपरीवेक्षण समितिका संयोजक

विमल बाँस्कोटाले जानकारी दिए । सहकारीले साधारणसभाको अवसरमा ज्येष्ठ सदस्य तारादेवी वैद्य र बलराम गोतामे, असल निक्षेप सदस्यमा पूर्णकेसरी श्रेष्ठ र सत्य नारायण सिलवाल, असल ऋणीमा राधा मानन्धर र ज्ञानबहादुर श्रेष्ठलाई सम्मान गरेको छ । एसईई परीक्षामा उत्कृष्ट हुने नीरिसा त्रिपाठी र आनन्दकुमार शाहलाई सम्मान गरेको छ । संस्थाले मानवसेवा आश्रम, मामाघर नेपाल, अनाथ आपाङ्ग बाल पुनःस्थापना केन्द्र, ओम वृद्धाश्रम, श्रीमद् भागवत ज्ञानसञ्चार वृद्धाश्रम, हाम्रोघर आश्रम हेटौंडा, संस्कृत वेद विद्यालय र आनन्दमार्ग बाल आश्रमलाई एक-एक बोरा चामल, ५ केजी दाल र १ बक्स साबुन सहयोग गरेको छ ।

सहकारीका अध्यक्ष विजयसागर श्रेष्ठको सभाध्यक्षतामा भएको साधारणसभामा बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नविन सिग्देल, सहकारीका संस्थापक अध्यक्ष मधुसुदन कंसाकार, राष्ट्रिय सहकारी बैंक प्रमुख रामेश्वर अर्याल, मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, सहकारीका सल्लाहकार अशोक शाक्य, जिल्ला बचत तथा ऋण सहकारी संघकी कोषाध्यक्ष विष्णुमाया लामालगायतको आतिथ्यता रहेको थियो ।

अन्तरपालिका रनिङशिल्ड फुटसल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/मकवानपुरगढी खेलकुद विकास समितिको आयोजनामा सहिद रुद्र पाखिन तथा बासुदेव घिमिरे स्मृति अन्तरपालिका स्तरीय रनिङशिल्ड फुटसल प्रतियोगिता सुरु भएको छ ।

समितिका अध्यक्ष हीरा स्याङ्तानको अध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा प्रतियोगिता सुरु गरिएको हो । कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामास्याङ्तान, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन, वडा २ का वडाध्यक्ष बखानसिं पाखिन, वडा नम्बर १ का अध्यक्ष आइतसिं लो, वडा-३ का वडाध्यक्ष भागवत घिमिरे, वडा ४ का अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, वडा सदस्यहरु, सहिद रुद्र पाखिन बाटिकाका संरक्षक भीम पाखिन, फुटबल संघ प्रदेश महासचिव लबराज ठकुरी, जिल्ला खेलकुद विकास समितिका प्रमुख माधव कोइराला, गाउँपालिका शिक्षा शाखाप्रमुख राम घलान, राजनितिक दलका प्रतिनिधि लगायत विभिन्न सामाजिक संस्थाका अध्यक्षहरुको आतिथ्यता रहेको थियो ।

तीन दिनसम्म चल्ने प्रतियोगिताको खेलतालिका सार्वजनिक गर्दै शनिबारबाट खेल सुरुभएको समितिका संयोजक स्याङ्तानले बताए । प्रतियोगिता माघ १ गते समापन हुनेछ । प्रतियोगिताका लागि सातवटा टिमले नाम दर्ता गराएका छन् । दुई समूहमा विभाजन गर्दै खेलतालिका सार्वजनिक गरिएको छ । समूह 'ए' तर्फ हेटौंडा फुटबल एकेडेमी, आयोजक मकवानपुरगढी खेलकुद विकास समिति, बागमती गाउँपालिका र थाहा नगरपालिका रहेको संयोजक स्याङ्तानले बताए । त्यस्तै समूह 'बी' तर्फ मकवानपुरगढी गाउँपालिका, हेटौंडा उपमहानगरपालिका 'ए' र 'बी' रहेको छ ।

लिग चरणमा हुने प्रतियोगिता माघ १ गते फाइनल प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताका विजेताले एक लाख २५ हजार प्राप्त गर्नेछन् भने उपविजेताले ७५ हजार प्राप्त गर्नेछन् । प्रतियोगितामा विद्यागत खेलाडीलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएको छ । प्रतियोगिता मक्रान्चुलीको फुटसल खेल मैदानमा भएको हो ।

चित्लाङ आइरहेको सवारी दुर्घटनामा पाँच जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/काठमाडौंबाट मकवानपुरको थाहा नगरपालिका-९, स्थित चित्लाङ क्षेत्रतर्फ आइरहेको सवारीसाधन दुर्घटनामा पर्दा पाँच जनाको मृत्यु भएको छ ।

काठमाडौंको चन्द्रागिरी नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरामा शनिवार दिउँसो भएको सवारी साधन दुर्घटनामा मृत्यु हुनेको संख्या पाँच पुगेको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते ६ वर्षीया स्मारिका गौतमको उपचारका क्रममा बयोधा अस्पताल बल्खुमा मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक कुमोद बुंगेलले जानकारी दिए । उपचाररत् बालिका गौतम अगाडि चारजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

काठमाडौंबाट चित्लाङ तर्फ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ नम्बरको फोर्ड गाडी अनियन्त्रित भई सडकदेखि अन्दाजी पाँच सय मिटर तल खसी दुर्घटना भएको थियो । दुर्घटनाबाट चार जनाको घटनास्थलमै मृत्यु भएको थियो । घटनास्थलमै मृत्यु हुनेमा काठमाडौं मैतिदेवीका ६७ वर्षीय ओमकारनिधि तिवारी, सोही स्थानका ६४ वर्षीया कल्पना तिवारी, काठमाडौं लाजिम्पाटका डा. महेशकुमार गौतम र सोही ठाउँका चारवर्षीय प्रियान्स गौतम थिए ।

दुर्घटनामा स्मारिकाकी आमा डा. सुष्टि तिवारी गौतम सकुशल रहेको प्रहरीले जनाएको छ । मृतकको शव परीक्षणका लागि शिक्षण अस्पताल महाराजगञ्ज पठाइएको प्रहरीले जनाएको छ । चित्लाङ-चन्द्रगिरी सडक खण्डअन्तर्गत चन्द्रागिरी नगरपालिका वडा नम्बर-४ सेतोपहरोमा गाडी दुर्घटना भएको प्रहरीले जनाएको छ । यो सडकखण्ड समयमै निर्माण हुन सकेको छैन । सडक निर्माण समयमै नहुनुमा सरकार र निर्माण कम्पनी दुवै दोषि रहेको भन्दै स्थानीय सर्वसाधारण विगतदेखि नै दुःखित छन् ।

दुर्घटनामा परेका उनीहरु शनिबार पर्यटकीयक्षेत्र चित्लाङ घुम्न आएको हुन सबने प्रहरीको अनुमान छ । काठमाडौंबाट नजिकै पर्ने चित्लाङ घुम्न आउने धेरै छन् । हेटौंडा-काठमाडौं छोटो दुरीको कुलेखानी, फाखेल, सिस्नेरी र चखेलको सडक मर्मत सम्भारका कारण सवारीसाधन चल्न रोक लगाइएको छ । छोटो दुरीका अन्य सडकहरु बन्द रहेकाले उनीहरु चित्लाङ-चन्द्रागिरी सडकबाट आएको अनुमान छ ।

लक्ष्मीनारायण दुग्ध सहकारीको साधारणसभा

हेटौंडा, २८ पुस/हेटौंडा उपमहानगरपालिका-१७ गैरीगाउँमा रहेको लक्ष्मीनारायण दुग्ध उत्पादक सहकारी संस्थाको २२ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । हेटौंडा-१७ का वडाअध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष रुपचन्द्र बिडारीको सभाध्यक्षतामा साधारण सभा भएको हो । साधारणसभामा संस्थाका अध्यक्ष बिडारीले संस्थागत प्रतिवेदन, लेखा सदस्य नवराज तिमल्सिनाले लेखा समितिको प्रतिवेदन र व्यवस्थापक टीकाराम न्यौपानेले आव २०७९/८० को लेखापरीक्षण प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा हेटौंडा-१७ का वडासदस्य नवराज न्यौपाने, लेखकुमारी तिमल्सिना, हेटौंडा उपमहानगरपालिका सहकारी विकास महाशाखा प्रमुख हिमप्रसाद पौडेल, जिल्ला दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष अर्जुनप्रसाद देवकोटा, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, सानाकिसान कृषि सहकारीकी अध्यक्ष कमला श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

परिचय साकोसद्वारा सदस्यलाई १० करोड २८ लाख कर्जा प्रवाह

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा उपमहानगरपालिका-२ मा अवस्थित परिचय बचत तथा ऋण सहकारी संस्थाले आव २०७९/८० मा आफ्ना शेयर सदस्यलाई १० करोड २८ लाख ७१ हजार ८४६ रुपैयाँ कर्जा लगानी गरेको छ ।

शनिबार संस्थाको १४ औं वार्षिक साधारणसभा गर्दै १४ करोड २५ लाख ४९ हजार ६५२ रुपैयाँको कारोबारको प्रतिवेदन प्रस्तुत गरिएको थियो । तीन करोड २५ लाख ३० हजार एक सय शेयरपुजीं रहेको सहकारीमा २१ लाख ६ हजार ६६१ रुपैयाँ जगेडा कोष रहेको संस्थाका व्यवस्थापक सुशान्त तिमल्सिनाले बताए । उनका अनुसार संस्थामा १० करोड १० लाख २६ हजार ५०७ रुपैयाँ बचत निक्षेप रहनुका साथै ४७४ जना शेयर सदस्य रहेका छन् ।

संस्थाका अध्यक्ष दीपक तिमल्सिनाको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । सभामा हेटौंडा

उपमहानगरका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीनाकुमारी चौरेल, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल, टिपिकल साकोसका अध्यक्ष अजय अग्रवाल, लेखा समिति संयोजक विष्णुप्रसाद न्यौपाने लगायतको आतिथ्यता रहेको थियो ।

सभाको अवसरमा विभिन्न विधामा सदस्यलाई पुरस्कृत गरिएको छ । उत्कृष्ट कर्मचारीतर्फ बजार प्रतिनिधि दीपक अर्याल, असल कारोबारीतर्फ विष्णु पुडासैनी, ओमप्रकाश खतिवडा, निरज गुरुङ, उत्कृष्ट परिचय नारी बचततर्फ पूर्णिमा खड्कालाई पुरस्कृत गरिएको थियो । त्यस्तै, उत्कृष्ट परिचय आवधिक बचततर्फ प्रमिला दली र मातृका काफ्ले, व्यावसायिक बचततर्फ कुशल पोखरेल, अमोद बानियाँ, सुजिन घिमिरे, बोनस बचत लखपति बचततर्फ पुष्पराज गौतम, ज्ञानुमाया तामाङ र राजकुमार बानियाँ, विशेष बालबचततर्फ श्रद्धा दाहाललाई पुरस्कृत गरिएको थियो ।

डाक्टर खड्का राष्ट्रिय हेल्थ अवार्डबाट सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. हरिबहादुर खड्का स्वास्थ्य दर्पण राष्ट्रिय हेल्थ अवार्ड-२०८० बाट सम्मानित भएका छन् ।

डा. शशांक कोइराला र बागमती प्रदेश स्वास्थ्य मन्त्री उत्तम जोशीले डा. खड्कालाई सम्मानपत्र प्रदान गरेका छन् । स्वास्थ्य दर्पण मिडिया नेटवर्क प्रा.लिको आठौं वार्षिकोत्सवको अवसरमा शनिवार आयोजित कार्यक्रममा चिकित्सक, पत्रकारसहित २५ जनालाई सम्मान गरेको हो । अवार्डबाट सातै प्रदेशका १३ जना चिकित्सक, पाँचजना पत्रकार, पाँचजना स्वास्थ्यकर्मी र दुईवटा स्वास्थ्य संस्थालाई सम्मानित गरेको हो ।

सम्मानित हुनेमा चिकित्सकतर्फ डा.खड्कासहित प्रा.डा पशुपति चौधरी, प्रा.डा रामनरेश पण्डित, डा. निलम चौरासिया, प्रा.डा राजेन्द्रप्रसाद कोजु, प्रा.डा लोकबहादुर सेंढाई, डा. सरु थापा न्यौपाने रहेका छन् । सम्मानित हुनेमा डा. प्रदेश घिमिरे, डा.गुरुशरण शाह, डा.योगेन्द्र अग्रहरी, डा.अखण्ड उपाध्याय, डा. प्रमोद जोशी र डा. नरबहादुर मौनी रहेका छन् ।

सम्मानित हुने पत्रकारहरुमा बरिष्ठ पत्रकार गणशेखर शर्मा, रामराज पोखेल, स्वास्थ्य पत्रकार पूर्णिमा डंगोल शाक्य, वरिष्ठ पत्रकार दीपकजंग हमाल र महेन्द्रराज श्रेष्ठ रहेका छन् । अवार्डबाट सम्मानित हुनु स्वास्थ्यकर्मीमा बालकृष्ण गौतम, ईश्वरीप्रसाद भुषाल, दीपेन्द्र कार्की, मेघराज बलामी र सुरेशकुमार अधिकारी रहेका छन् । यस्तै अवार्डबाट सम्मानित हुने दुई स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा निर्देशनालय बर्दिया अस्पताल, बर्दिया र बुलिंगटार गाउँपालिकाको कार्यालय, नवलपुर रहेको छ ।

झरनाको २ सय ९८ औं साहित्य श्रृंखला

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/मकवानपुरको साहित्यिक संस्था झरना साहित्यिक परिवारको २ सय ९८ औं साहित्य श्रृंखलामा बदामसंग कविता कार्यक्रम भएको छ ।

कार्यक्रममा तीनदर्जन साहित्यिक सप्टाले बदाम र सुन्तलासँगै कविता सुनाएर मिठास भरेका थिए । झसापले २ सय ९८ औं साहित्य श्रृंखला शुक्रबार हेटौंडा-१७ मा रहेको जुरेथुम पर्यटकीय पार्कमा आयोजना गरेको हो । झरना साहित्यिक अर्धवार्धिक पत्रिका 'झरना' को ४० औं अंक विमोचन गरिएको थियो । कार्यक्रमका नियाञ्चाकार निर्मोही व्यासले यात्राले काव्य लेखनमा सहजता प्रदान गर्ने बताए ।

झरनाले राम्रो काम गरिरहेकोमा संस्थाको प्रशंसा समेत उनले गरे । कार्यक्रममा संस्थाका संरक्षक रमेशमोहन अधिकारी, सल्लाहकार दीपक गौतम, साहित्यकार समिर पाखिन, पुरुषोत्तम आचार्य, डिबि बर्तौला, सानु खनाल, सुवास खनाल, भावना सापकोटा, बैकुण्ठ लामिछाने, सागर तिमल्सिना, सुबास सजल, किशन पोडेल, गोकर्ण लामा, स्वस्तिका बानियाँ, देव निर्दोष, गायत्री रुपाखेती, विश्व राई, सन्तराम राई, अजय फुर्याल, ओमभक्त भण्डारीलगायतले रचना सुनाएका थिए ।

झसाप, मकवानपुरले हरेक महिना नियमित साहित्य श्रृंखला गर्दै आएको छ । झसापले आगामी महिना बकैया गाउँपालिकामा विद्यार्थीका लागि चित्रकला तथा हस्तकला प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

भुटनदेवी माध्यमिक विद्यालय

५७औं अभिभावक भेला सम्बन्धी सूचना

भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) हेटौंडा-४, मकवानपुरको ५७ औं अभिभावक भेला तपसिलको मिति, स्थान र समयमा आयोजना हुने भएकोले उक्त कार्यक्रमको लागी सम्पूर्ण अभिभावकज्यूहरुलाई पत्राचार गरिसकिएको छ यदी कुनै कारणबस सूचना प्राप्त नभएको भएमा यसै सूचनालाई आधारमानी उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछु ।

तपशिल
मितिः २०८० पौष २९ गते आइतबार
स्थानः भुटनदेवी मा.वि.को प्राङ्गण
समयः बिहान १०:३० बजे

प्रधानाध्यापक
भुटनदेवी माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरुः

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना